आज मिति २०८२/०५/०८ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को दोश्रो बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | — |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | हिमा |
| १४. | विजय पौडेल | सचिव | |
| **आमन्त्रित** | | | |
| १५. | वन्दना शाक्य | प्रशासकीय अधिकृत | |
| १६. | | | |
| १७. | | | |

बैठक संख्याः २

मितिः २०८२/०५/०८ गते,आईतवार

**मिति २०८२/०५/०८ गतेको पहिलोगाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

| क्र सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को पहिलोगाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को पहिलो गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | गाई भैंसी नयाँ पकेट क्षेत्र विकास कार्यक्रम सम्वन्धमा । | • गाई भैंसी नयाँ पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालनकालागि पकेट क्षेत्र तोक्ने। | |
| (३) | फोहोरमैला व्यवस्थापन सम्वन्धमा। | • मल्लरानी गाउँपालिका वडा नं ४ को फोहोरमैला व्यवस्थापनका गर्ने। | |
| (४) | वातावरण विज्ञ तोक्ने सम्वन्धमा। | • मल्लरानी गाउँपालिकाको वातावरण विज्ञ तोक्ने। | |
| (५) | विज्ञापन करको दररेट तोक्ने सम्वन्धमा। | • विज्ञापन करको दररेट तोक्ने। | |
| (६) | विविध विषयहरु सम्वन्धमा । | तपसिलका विविध समसामयिक विषयमा छलफल<br>• आ.व २०८१/०८२ को सार्वजनिक सुनुवाई गर्ने।<br>• व्याक्होलोडर सञ्चालनको लागि स्रोत व्यक्ति तोक्ने ।<br>• "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालनका लागि जनस्वास्थ्य अधिकृत सेवा करारमा जनशक्ति व्यवस्थापन गर्ने।<br>• कृषि सडक तोक्ने ।<br>• विपत व्यवस्थापनकालाथि विविध निर्णय गर्ने।<br>• खानेपानी मर्मतका लागि मर्मत सम्भार कोषबाट योजना मर्मत गर्ने।<br>• प्रदेश तर्फको योजना सम्वन्धमा ।<br>• ढल व्यवस्थापनका लागि पत्राचार गर्ने। | |



CamScanner

बैठक संख्याः २
मितिः २०८२/०५/०८ गते,आईतबार

निर्णयहरुः

१. आ.व २०८२/०८३ को पहिलो गाउँकार्यपालिका बैठकको समिक्षा गरियो, कार्यान्वय हुन बाँकी रहेका कार्यक्रमहरु यथासक्य समयमै कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. गाई भैंसी नयाँ पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालनकालागि मल्लरानी गाउँपालिकाको वडा नं ४ गुठकसेरी, कसेरी र वडा नं ३ धरमपानी र बन्चरेलाई पकेट क्षेत्र तोक्ने।

३. मल्लरानी गाउँपालिका वडा नं ४ को फोहोरमैला व्यवस्थापनकालागि सामाग्री ढुवानीका लागि पेश भएका दररेट मध्ये न्यूनतम दररेट प्रतिट्रिप रु. ५,५००/- मा ट्रायक्टर भाडामा लिई कार्य अगाडी बढाउने।

४. मल्लरानी गाउँपालिकाको वातावरण विज्ञका रुपमा रोजगार संयोजक श्री सरद भण्डारीलाई तोक्ने।

५. लुम्बिनी प्रदेश विज्ञापन कर नियमावली, २०७६ को दफा १७ मा भएको व्यवस्था साथै नियमावलीको अनुसूची १. स्थानीय तहले उठाउने विज्ञापनको प्रकृति र मापन इकाई र मल्लरानी गाउँपालिकाको आर्थिक ऐन २०८२ बमोजिम मल्लरानी गाउँपालिकाको विज्ञापन कर संकलनका गर्न आ.व २०८२/०८३ देखी आ.व २०८४/०८५ जम्मा तिन आ.व को लागि दररेट पेशको सूचना प्रकाशन गर्ने साथै आ.व २०८२/०८३ को लागि दररेट रु. ५०,०००/- तोक्नेर प्रत्येक आ.व मा विज्ञापन कर १० प्रतिशतले वृद्धी गर्ने।

६. आ.व २०८१/०८२ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति२०८२ भाद्र २० गते वडा नं ४ मा गर्ने।

७. व्याक्होलोडर सञ्चालन तथा परिचालनका लागि पूर्वाधार शाखा प्रमुखलाई स्रोत व्यक्ति तोक्ने।

८. आर्थिक सहयोग र विपत व्यवस्थापनका लागि विविध निर्णय गरियो।

- विपत व्यवस्थापन कोषबाट वर्षायाममा ढुङ्गे तथा पैसे छाना भएका घरहरुको शुरक्षा तथा पहिरो नियन्त्रणको लागि १ लाखको सिमाभित्र रही प्लाष्टिक खरिद तथा ढुवानी गर्ने।
- अविरल वर्षका कारण जिल्ला प्रहरी कार्यालयको वालमा क्षेती हुँदा वडा नं ४ मा सञ्चालनमा रहेको नकर्मी नर्सरी व्यवसायमा भएको क्षेती व्यवस्थानका लागि रु. ६०००/-आर्थिक सहयोग गर्ने।
- मल्लरानी ४ पाण्डेडाँडा निवासी केशरी कामीको श्रीमान् विष्णु वहादुर कामीको मानसिक रोग उपचारका लागि रु. ८०००। आर्थिक सहयोग गर्ने।
- मल्लरानी ३ धरमपानी निवासी झविलाल श्रेष्ठको घर २०८२/०४/२१ को वर्षातको कारणले घरको गारो भत्किएकोले रु ८०००। विपद् व्यवस्थापन कोष तर्फबाट आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ खलंगा निवासी रामचन्द्र श्रेष्ठको ढाँडको हड्डि भाचिएको उपचारको लागि रु ८०००। आर्थिक सहयोग उपलब्ध गराउने ।

९. खानेपानी मर्मतका लागि मर्मत सम्भार कोषबाट देहायका योजनाहरुको मर्मत तथा पाईप व्यवस्थापनका लागि भएको लागत अनुमान अनुसार देहायको योजनाको रकम भुक्तानी गर्ने।

- भुपु सैनिक खा पा (पाईप व्यवस्थापन)-२६६८९/-



प्रमुख प्रशासकीय अधिकृत

- ढड्यान खोरिया खा पा (मर्मत) - १,४२,९०१/-
- बर्बोट खा पा(पाईप व्यवस्थापन)-४३,२८३/-

१०. लुम्बिनी प्रदेश अन्तर्गत भौतिक पूर्वाधार मन्त्रालय मार्फत यस मल्लरानी गाउँपालिकामा विनियोजन भएकोप्रदेश तर्फको योजनावरारुख साहुटोल बेलटाकुरा खसिनीखर्क मोटरबाटो मल्लरानी - ०३ हुनुपर्नेमा झिमरुक - ७ भएकोले योजनाको संशोधनका लागि प्रदेश मन्त्रालयमा पत्राचार गर्ने।

११. "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालनका लागि जनस्वास्थ्य अधिकृत सातौं तह सेवा करारमा जनशक्ति व्यवस्थापनका लागि देहायवमोजिमको पदपूर्ति समिति गठन गर्ने। साथै सूचना प्रकाशन तथा पदपूर्ति प्रकृया अघि वढाउन स्वास्थ्य शाखालाई निर्देशन दिने।

- संयोजक — विजय पौडेल, प्रमुख प्रशासकीय अधिकृत
- सदस्य — सदीक्षा पोखेल, जनस्वास्थ्य अधिकृत (विज्ञ)
- सदस्य —वन्दना शाक्य, प्रशासकीय अधिकृत
- सदस्य —पारश शाही, स्वास्थ्य अधिकृत

१२.मल्लरानी गाउँपालिकाको सडक गुरुयोजना अनुसार देहायका सडकहरुलाई कृषि सडकको रुपमा तोक्ने ।

- चुंजाठाटी -राजिमे- सिउते कृषि सडक वडा नं २
- कुडाँरा - भैसामारे कृषि सडक वडा नं २
- बिरौटा- खन्निखोला- मधुगैरा-राम्चे कृषि सडक वडा नं २ र ३
- निशानटाकुरा - धनुवास कृषि सडक वडा नं ३
- वुढदेवी - ढाईटारी- चुँजाठाँटी कृषि सडक. वडा नं ३
- चाँपारुख - काउले-झाक्रिस्थान कृषि सडक वडा नं ३ र ४
- कसेरी - भाडखोला कृषि सडक वडा नं ४
- रिठ्ठखर्क - सराङकोट कृषि सडक वडा नं ५
- सरङकोट- खाइनडाँडा कृषि सडक वडा नं ३ र ५

१३.मल्लरानी गाउँपालिका वडा नं ४ स्थित खलंगा वजार क्षेत्रमा बिग्रिएका ढलहरु प्राविधिक लागत अनुमानको आधारमा मर्मत संभार कोष तर्फवाट मर्मत गर्ने निर्णय गरियो ।

१४.मल्लरानी गाउँपालिकाको विभिन्न क्षेत्रहरुवाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दि गर्नका लागि स्विकृत भएको वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दि गर्ने प्रकृया अघी वढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः २

मितिः २०८२/०५/०८ गते,आईतबार

१५.आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा सवारी साधन खरिद शिर्षकमा रकम विनियोजन भएकोमा गाउँपालिकाको कार्यालयको लागि सवारी साधन मोटरसाइकल १ थान र स्कुटर १ थान खरिद गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner